
# लेखापरीक्षण प्रतिवेदन

# मालिका गाउँपालिका, गुल्मी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मालिका गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/653

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससंग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ८८ लाख ९४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१७ लाख ७० हजार,गरिवसंग विश्वेश्वर कार्यक्रमको रु.३ लाख ९२ हजार, सामाजिका विकास कार्यक्रमको रु.२ लाख ६६ हजार र पूर्वाधार विकास कार्यक्रमको रु.४० लाख समेत गरी रु.१३ करोड ५३ लाख २२ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अरब २३ करोड २० लाख ४६ हजारको लेखापरीक्षण गरिएकोमा रू.९३ लाख १६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.६२ लाख १ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.३१ लाख १५ हजारमध्ये नियमित गर्नुपर्ने रु.३१ लाख १५ हजार रहेको छ। गत वर्षसम्म रु.५ करोड ८० लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा यस बर्ष रु १८ लाख ४२ हजार सम्परीक्षण भइ हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ९३ लाख ४८ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मालिका गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६८ | २३ | ९३,१६,३११ | ० | १९ | ६२,००,७०० | ० | ६८ | ४ | ३१,१५,६११ | ० | ३१,१५,६११ | ० | ० | ० | ३१,१५,६११ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ५,८०,७५,००० | ० | १८,४२,८०९ | ५,६२,३२,१९१ | ० | ३१,१५,६११ | ५,९३,४७,८०२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २१ | भत्ता वितरण | ४,००० |
| २ | २०८०/८१ | २८ | बैठक भत्ता | १,४१,९५० |
| ३ | २०८०/८१ | ५१ | बिशेष अनुदानबाट कन्टिन्जेन्सी खर्च | १,८७,०५८ |
| ४ | २०८०/८१ | ३५ | बिमालेख र भुक्तानी | १४,७६३ |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८०/८१ | ३९ | बिद्यालयको जिन्सी ब्यबस्थापन | ४,५३,५१३ |
| ६ | २०८०/८१ | ३६,४५.३ | बढि भुक्तानी | ४५,३५४ |
| ७ | २०८०/८१ | ४२ | प्राबिधिक मुल्यांकन | २१,५५,४३६ |
| ८ | २०८०/८१ | ३३ | नन् फाइलरलाइ मु अ कर | १,००,६७५ |
| ९ | २०८०/८१ | ३१ | थप परामर्सदाताबाट कार्य | ४,९७,७६५ |
| १० | २०८०/८१ | ४५ | आन्तरिक लेखापरीक्षणको ब्यहोरा | ४,१७,१०० |
| ११ | २०८०/८१ | ३८.२ | आन्तरिक आय ब्यबस्थापन | १,५१,९०२ |
| १२ | २०८०/८१ | ४६ | अग्रीम कर | ४,३१८ |
| १३ | २०७९/८० | ६६ | विद्यालयलाई लाईव्रेरी व्यवस्थापन | १३,००,००० |
| १४ | २०७९/८० | ६४ | पाठ्यपुस्तक छपाई | १२,३७४ |
| १५ | २०७९/८० | ३० | अतिथि गृह निर्माण | ५,३०,४३५ |
| १६ | २०८०/८१ | २.३ | बित्तिय बिबरण परीक्षण | २०,२६,८६६ |
| जम्मा | | | | ८०,४३,५०९ |

**लेखापरीक्षण बक्यौता नरहेको**

# (८०५५२५०८३०० - मालिका गाउँपालिका, गुल्मी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ८ वडा ९२.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा २००७५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१२ देखि २०८१ ।५। १६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबारको आय - व्ययतर्फ जम्मा रु.१ अर्व २३ करोड २० लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ९६०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | दोहोरो दैनिक भ्रमणभत्ता | ९६०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **बित्तिय बिबरण परीक्षण**

२.१

पालिकाबाट पेश भएको बार्षिक एकिकृत बित्तिय बिबरण ( म. ले. प. फा. न. २७० ) अनुसार आर्थिक कारोबारको स्थिति निम्नानुसार छ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ८,०१,०७,२४५.६८ | ८,०१,०७,२४५.६८ | ८,२३,०६,०१६.१३ | ८,२३,०६,०१६.१३ |
| १३००० | अनुदान | ३८,५४,७८,८०८.७२ | ३८,५४,७८,८०८.७२ | ४२,७४,६८,४०८.३८ | ४२,७४,६८,४०८.३८ |
| १४००० | अन्य राजस्व | ५३,१६,६३३.४५ | ५३,१६,६३३.४५ | ४०,८९,५०८.३५ | ४०,८९,५०८.३५ |
| १५००० | विविध प्राप्ति | ३,७९,४३६.०० | ३,७९,४३६.०० | ० | ० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | १,१४,९००.०० | १,१४,९००.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ४७,१३,९७,०२३.८५ | ४७,१३,९७,०२३.८५ | ५१,३८,६३,९३२.८६ | ५१,३८,६३,९३२.८६ |
| ३ | चालु | ३२,२३,८३,२२७.३४ | ३२,२३,८३,२२७.३४ | ३४,३१,७७,७५१.७६ | ३४,३१,७७,७५१.७६ |
| २१००० | पारिश्रमिक / सुविधा | १७,९४,२७,२२५.३३ | १७,९४,२७,२२५.३३ | १९,४२,८५,३८७.०० | १९,४२,८५,३८७.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ५,७२,७९,०५६.२३ | ५,७२,७९,०५६.२३ | ६,२७,९७,३६३.९६ | ६,२७,९७,३६३.९६ |
| २५००० | सहायता (Subsidy) | ७,३९,३४,४१९.७८ | ७,३९,३४,४१९.७८ | ७,८१,४१,३३५.०० | ७,८१,४१,३३५.०० |
| २६००० | अनुदान | ३,६९,०००.०० | ३,६९,०००.०० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | १,०३,५९,९६०.०० | १,०३,५९,९६०.०० | ४९,०६,०००.८० | ४९,०६,०००.८० |
| २८००० | अन्य खर्च | १०,१३,५६६.०० | १०,१३,५६६.०० | ३०,४७,६६५.०० | ३०,४७,६६५.०० |
| ४ | पूंजीगत | १६,०३,००,३४६.४९ | १६,०३,००,३४६.४९ | १८,०७,२७,०९४.८९ | १८,०७,२७,०९४.८९ |
| ३१११० | भवन तथा संरचना | ४,००,४३,७७५.२८ | ४,००,४३,७७५.२८ | ५,२०,२४,९५०.०० | ५,२०,२४,९५०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ११,८१,४५९.०० | ११,८१,४५९.०० | ६०,०२,९८३.०० | ६०,०२,९८३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ३६,०८,८६५.०० | ३६,०८,८६५.०० | १,१०,३५,७३७.४० | १,१०,३५,७३७.४० |
| ३११४० | सुरक्षा उपकरण | १३,०२,०६८.०० | १३,०२,०६८.०० | ६,४७,१८८.०० | ६,४७,१८८.०० |
| ३११५० | सार्वजनिक निर्माण | १०,१७,३५,०८७.५० | १०,१७,३५,०८७.५० | १०,२३,२६,५०१.२८ | १०,२३,२६,५०१.२८ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २५,०००.०० | २५,०००.०० | ३९,५२,३९३.०० | ३९,५२,३९३.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १,२४,०४,०९१.७१ | १,२४,०४,०९१.७१ | ४७,३७,३४२.२१ | ४७,३७,३४२.२१ |
| ख) | कुल जम्मा भुक्तानी | ४८,२६,८३,५७३.८३ | ४८,२६,८३,५७३.८३ | ५२,३९,०४,८४६.६५ | ५२,३९,०४,८४६.६५ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१,१२,८६,५४९.९८) | (१,१२,८६,५४९.९८) | (१,००,४०,९१३.७९) | (१,००,४०,९१३.७९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ७३,२०,८३४.७८ | ७३,२०,८३४.७८ | १,३०,४०,३६६.५० | १,३०,४०,३६६.५० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -२४,७८८.०० | -२४,७८८.०० | -२६,८६६.०० | -२६,८६६.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (३९,६५,७१५.२०) | (३९,६५,७१५.२०) | २९,९९,४५२.७१ | २९,९९,४५२.७१ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३,०९,०४,९६९.१५ | ३,०९,०४,९६९.१५ | २,७९,०५,५१६.४४ | २,७९,०५,५१६.४४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २,६९,३९,२५३.९५ | २,६९,३९,२५३.९५ | ३,०९,०४,९६९.१५ | ३,०९,०४,९६९.१५ |

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२८८९४३०४, गरिवसंग विश्वेश्वर कार्यक्रमको रु ३९२०००,सामाजिका विकास कार्यक्रमको २६६४०७, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु ४००००००। र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु १७७०००० समेत कूल १३५३२२७११ । एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

२.३ **समायोजन हिसाव :**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **२,०२६,८६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२.४ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेता पनी कार्यक्रम सञ्चालन गर्दा सोको पालना नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति

तयार नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन।

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण खुलाई भ्रमण पश्चात भ्रमणबाट प्राप्त हुने उद्येश्य अनुरुपको प्रतिफल प्राप्त भए नभएको ब्यहोरा खुलाइ प्रतिबेदन लिने ब्यबस्थाको कार्यान्वियन हुनुपर्दछ।

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले वार्षिक खरिद योजना तयार गरेतापनि योजनाले तोके अनुसारको बिधि प्रकृया र समय सिमा भित्र कार्यान्वियन गरेको छैन। बार्षिक खरिद योजनाको पुर्णरुपमा परिपालना गर्नुपर्दछ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा प्रतिबेदनमा उल्लेख गरेतापनी अनुगमनमा देखिएका समस्या र समाधानका उपाय कार्यान्वियन भए नभएको बार्षिक प्रतिबेदन तयार गरी आगामी दिनमा सुधार गर्दै जानुपर्दछ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिजेन्सि खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिकानमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा खरिद नियमावली वनाएको भएतापनी पुर्णरुपमा नियमावलीको ब्यबस्था पालना गरेको पाईएन।

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो अनुसार पालना भएको पाईएन।

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३.२ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले सार्वजनिक परीक्षणअन्तर्गत योजना संचालन,कार्यान्वियन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई पालना गरेको देखिएन। योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र वितीय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै विवरण पूरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनी पुरा विवरण नभरेको अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षण व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वियन भएको देखिएन। पालिकाबाट संचालित सबै पुजिगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गराउन विशेष ध्यानाकर्षण गरिएको छ।

## ४ जिन्सि निरीक्षण

४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा प्रतिबेदनमा औल्याएको मर्मत तथा लिलाम गर्नुपर्ने जिन्सी नियमावलीको

व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

४.२ पालीकाले साविक गाउँ विकास समितिको ८ वटा वडामा रहेका खप्ने जिन्सी मालसामान पालीकाको PAMS मा आम्दानी गरेको देखिएन। पालीकाले पुरानो जिन्सीको स्पेसीफिकेशन र मुल्य नखुलेको कारण आम्दानी नवाधेको जनाएको छ। पालीका मातहतका सवै जिन्सी पालीकाको PAMS मा आम्दानी वाध्नुपर्दछ।

## ५ बजेट तथा कार्यक्रम

५.१ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन,२०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६ करोड ३ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

५.२ **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ। योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर,आम्दानी र रोजगार बढ्ने,स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता सुनिश्चित गर्ने प्रकृया तय गरी छनौट गरेको देखिने आधार प्रस्तुत हुन सकेन।उपलब्ध वजेट वडागत रूपमा विभाजन गरी साना साना योजनामा खर्च गरेको कारण योजनाको सँख्यात्मक वृद्धि हुन गई अनुगमन प्रभावकारीतामा असर परेको छ।साना योजनामा पुजीगत खर्च भएको कारण दीर्घकालीन प्रभाव पर्ने योजना निर्माण तथा कार्यान्चय समेत हुन सकेको देखिएन। तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन हुनुपर्दछ।

५.३ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा गत वर्षको वास्तविक खर्च चालु वर्षको संशोधित अनुमान र आगामी वर्षको प्रक्षेपण गर्नुपर्नेमा आगामी वर्षको प्रक्षेपण मात्र गरेको देखियो। जसबाट गत वर्षको कार्यक्रम र चालु वर्षको संशोधित खर्चसंग प्रक्षेपण गरिएको रकम विश्लेषण गर्न सकिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना हुनुपर्दछ।

५.४ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना

तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५.५ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।९ मा रु. ५४ करोड ७३ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१३ मा पारित गरि मिति २०८०।०३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिएको छ।

५.६ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न अनुसार कुल १७५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.१० लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १७५ | १७ | ३१ | १२७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा कमी हुने देखिन्छ। पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५.७ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६०३००३४६ | १११०७५७६ | ३१९४८२३३ | ५१२३४३५४ | ६६०१०१८३ | ४४०८३७४८ |
| प्रतिशत | ८६.१९ | ६.९ | १९.९४ | ३१.९७ | ४१.१९ | २७.५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक खर्च रु.१६०३००३४६ प्रथम त्रैमासिकमा रु.१११०७५७६(६.९प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३१९४८२३३ (१९.९४ प्रतिशत),तेस्रो त्रैमासिकमा रु.५१२३४३५४ (३१.९७ प्रतिशत) ,चौथो त्रैमासिकमा ६६०१०१८३(४१.१९ प्रतिशत) र आषाढ महिनामा मात्र रु.४४०८३७४८ (२७.५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। आर्थिक वर्षको अन्त्यमा अधिकतम निर्माण कार्य गराउदा गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५.८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्षेत्र/उप क्षेत्र | विनियोजन | विनियोजन | खर्च | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २८७८०७५० | १९१८४९६१ | ३.९७ |
| २ | सामाजिक विकास | २९५९५८००० | २७०५३४६१४ | ५६.०६ |
| ३ | पूर्वाधार विकास | १२३५०८७८१ | १०९४८४३७५ | २२.६८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८०९६००० | ५५७४९४५ | १.१५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९४८७९१६१ | ७७८८२३१९ | १६.१३ |
| कुल जम्मा | | ५५१२२२६९१ | ४८२६६१२१४ | १०० |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८७.५६ प्रतिशत मात्र खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५६.०६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबैभन्दा घटी १.१५ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

## ६ सोझै खरिदः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु.१० लाखसम्म लागत अनुमान भएको मालसामान,परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी देखिदैन। यस बर्ष मसलन्द कार्यालय सामाग्री रु २५ लाख ६४ हजार सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत बार्षिक खरिद योजना अनुसार शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा खरिद गर्नुपर्दछ।

## ७ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, त्रैमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ११ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

## ८ सेवा प्रवाहको स्थिति

८.१ यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ। सेवा प्रवाह र कार्यसम्पादन सुचक विना सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन। पालिकाको वार्षिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्यसम्पादन गर्नुपर्दछ।

| विवरण | व्यक्तिगत घटना दर्ता संख्या | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्मदर्ता | २०५२ | २०५२ |
| मृत्युदर्ता | ६८४ | ६८४ |
| बसाईसराई दर्ता | ३२३ | ३२३ |
| विवाह दर्ता | १०४३ | १०४३ |
| सम्बन्धविच्छेद दर्ता | ५३ जोडी | ५३ जोडी |
| ग्राभेल सडक | १८ कि.मि. | |

८.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

## ९ अवकाश कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यस बर्ष पालिकाबाट कर्मचारी कल्याण कोषका लागी रु १० लाख बिनियोजन गरी कोषमा टान्सफर गरेको छ। स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरेको देखिएन। पालिकाले कर्मचारी कल्याण कोष सम्वन्धि ऐन निर्माण गरी तोकिए बमोजिम कट्टा गरी कोषको सञ्चालन गर्नुपर्दछ।

## १० वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। कुशल र छरीतो कार्यसम्पादनको लागि रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

| **वडा संख्या** | **वडा सचिवको दरबन्दी** | **वडा सचिवको पदपूर्ति** | **रिक्त वडा सचिव** |
|---|---|---|---|
| ८ | ८ | ६ | २ |

उपरोक्तानुसार पदपुर्ति मध्ये ४ वडामा स्वास्थ्य तर्फका अ. हे. ब. लाइ कार्य जिम्मेवारी दिएको देखियो। एउटा सेवा समुहका कर्मचारी अर्को सेवा समुहको काममा जिम्मेवारी दिदा स्वास्थ्य तर्फ कार्य सम्पादनमा असर परेको देखिन्छ। तसर्थ रिक्त वडा सचिव पद अबिलम्ब पदपुर्ति गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

## ११ दरबन्दि तथा पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिकाको लागि स्वास्थ्य तर्फ ५८ र पालिका तर्फ विभिन्न पदमा ४८ जनाको दरवन्दी स्वीकृत रहेकोमा पालिकाले यस बर्ष परामर्शदाताबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अमिन-१,

सहायक कम्पुटर अप्रेटर – ३, इलेक्ट्रीसियन-१, नगर प्रहरी-६ , ल्याव असिस्टेन्ट-१, र कार्यालय सहायक -३ समेत १५ दरबन्दी थप गरेकोमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहमति लिइ पद दर्ता तथा बिज्ञापन गरी पदपुर्ति नगरी साबिक जि बि स बाट आएका २ जना कार्यालय सहायक र , सहायक कम्पुटर अप्रेटर – ३, जना करारमा नियुक्ति गरी तलव भत्ता खर्च लेखेको देखियो। लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित समायोजनबाट २६ र प्रदेश र संघिय लोकसेवा आयोगबाट ३७ गरी ६३ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका स्थायी पदपुर्ति गर्नपर्ने वडा सचिव ५ ,आर्थिक प्रशासन प्रमुख,शिक्षा शाखा प्रमुखा, इन्जीनियर,कृषि अधिकृत,पशु अधिकृत,अधिकृतस्तर छैटौं लगायत विभिन्न १३ पदहरु रिक्त रहेका छन्। रिक्त रहेको शिक्षा शाखामा काजमा मावि शिक्षक र वडा सचिवमा स्वास्थ्य तर्फका अ .हे .ब. ४ जना बाट कार्यसम्पादन गरेको देखियो। रिक्त रहेका पदहरुमा पदपूर्तिका लागी लोकसेवा आयोगमा माग गरेतापनि पदपुर्ती भएको देखिदैन।यसरी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१२ **तलबी प्रतिबेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, शिक्षा ऐन,२०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | त्यस्तै संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/१८, च.नं. १८० को परिपत्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबि प्रतिवेदन पारित गरी तलब भत्ता लेख्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु ३,१०,३७,४४१ र पालिकातर्फ रु. १०४७८१६८ गरी रु. ४,१५,१५,६०९ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१३ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका,कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ६ वटा नियमावली, ५८ कार्यविधि सहित ८५ वटा कानुन निर्माण गरेकोमा सबै ऐन नियम कार्यविधिको पालना गरी कार्यान्वियन गरेको देखिएन। पालिकाले स्वीकृत गरेका कानुन पालिकाको वेभसाइटमा केही मात्र राखेको देखिएकोले सबै कानुन वेभसाइडमा राखि कानूनहरु कार्यान्वियनमा ल्याउनुपर्दछ।

१४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेतापनि यो वर्ष १९ विवाद दर्ता भएकोमा १६ वटा मात्र फस्र्योट, १ वटा मेलमिलाप हुन नसकी सम्बन्धीत निकायमा पठाएको र २ वटा बाँकी रहेको देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१५ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्मा प्रगति | ७५% भन्दा बढी प्रगति |
| **कार्यक्रम संख्या** | २६९ | ५५ | २ | ३ | ८ | २०१ |

## १६ डिपिआर र परामर्श सेवा

१६.१ बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | २०८०।८१ मा विनियोजन रकम |
|---|---|---|---|---|---|
| अर्खावाङ्ग मा.वि. डिपिआर | एरो कन्सल्टेण्ट्स प्रा.लि., ललितपुर | ५ लाख | ४९२६८० | ५०१४४१५२।१७ | योजना माग गरिएको |
| ठुलाखोलाधरमपानी फल्लेनी हर्रेटारी सिचाई डिपिआर | कान्जिरोवा ईन्जिनियरिङ्ग सोलुसनस, काठमाण्डौ | ५लाख | ४९१५५० | ६६७३००० | १२५०००० |
| डिपिआरकभर्ड हल | अस्त्र ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौ | ५लाख | ४९१५५० | ४५४०६७५३।०२ | योजना माग गरिएको |
| दर्लिङ्गपाटाखर्क डाडर भिमगिठे सडक डिपिआर | फाईभ स्टार ईन्जिनियरीङ्ग प्रा.लि.,काठमाण्डौ | ५लाख | ४७८५५५ | ४९३९८५४०।४१ | ३००००००(**LISP** संगको साझेदारी काम गर्न विनियोजित) |
| प्रशासकीयभवन ईन्टेरिअर डिजाईन | आर्क एड एण्ड डेभलपर्स, सामाखुसी-26, काठमाण्डौ | ५लाख | ४९७७६५ | १३१९३३४० | ९०००००० |

१६.२ परामर्श खर्च सम्बन्धी विवरण

| क्र.सं. | परामर्श सेवाको विवरण | कुल खर्च रु | उपयोग तथा कार्यान्वयन अवस्था |
|---|---|---|---|
| 1 | १५ शैया अस्पतालको जियोलोजिकल स्टडी | १६९००० | कार्यन्वयन भएको |
| 2 | O & M Survey | ४९१५५० | कार्यान्वियनको चरणमा रहेको |
| 3 | MTEF | ३००००० | कार्यान्वयन भएको |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नसक्ने अवस्थाको निर्णय आधार राखि मात्र बाह्य परामर्सदाताबाट कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## १७ शोधभर्ना

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी पाउने ब्याक्ति फर्म सप्लायर्सलाइ बैंक खाता मार्फत चेकबाट भुक्तानी गर्नुपर्ने ब्यबस्था छ। पालिकाले यस बर्ष वडा कार्यालयको सन्चालन खर्च बापत पानी तथा बिजुली , सन्चार महशुल, इन्धन कार्यालय प्रयोजन , सवारी साधन मर्मत , कर्मचारी भ्रमण खर्च र मेशिनरी औजार मर्मत ,अतिथि सत्कार , बिबिध खर्चमा रु २२ लाख बजेट बिनियोजन गरी बिल भर्पाइको आधारमा ८ वटा वडामा कुल रु २० लाख ६० हजार वडा सचिवलाइ

सोधभर्ना गरेको देखियो।कार्यालयबाट हुने सबै खर्च भुक्तानी पाउने ब्याक्ति फर्म सप्लायर्सलाइ बैंक खाता मार्फत चेकबाट भुक्तानी गर्नु पर्ने ब्यबस्था पालना हुनुपर्दछ।

## १८ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले यस बर्ष विपन्न नागरिक उपचार सहायतामा र विपद् राहत सहायतामा रु १७६१००० सहायता वितरण गरेका छन्। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

## १९ पदाधिकारी सुविधा

यो वर्ष गाउँपालिका पदाधिकारी तथा सदस्यलाई सुविधातर्फ रु. ८३१९०००। भुक्तानी भएको छ। यो वर्ष आन्तरिक आयतर्फ रु ६४३४४०० प्राप्त भएको देखिन्छ। आन्तरिक आयको तुलनामा सुविधा भुक्तानी १२९ प्रतिशत रहेको छ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष. ८ जना | कार्यपालिका सदस्य ६जना | सभाका सदस्य २७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ६0000 | - | ९६0000 | ४३२000 | ९७२000 | २४२४000 |
| २ | टेलिफोन,मोबाइल | ४२000 | ३६000 | २८८000 | २१६000 | ८१0000 | १३९२000 |
| ३ | पुस्तक,पत्रिका, ईन्टरनेट | ४८000 | ४८000 | २८८000 | २१६000 | ६४८000 | १२४८000 |
| ४ | समन्वय तथा सहजीकरण | १२0000 | ९६000 | ५७६000 | ३६0000 | ९७२000 | २१२४000 |
| ५ | अतिथि सत्कार | ७२000 | ६0000 | ३८४000 | - | - | ५१६000 |
| ६ | चाडपर्व खर्च | १५000 | १५000 | ९६000 | ६0000 | १८९000 | ३७५000 |
| ७ | खानेपानी तथा सरसफाई | ६0000 | ६0000 | - | - | - | १२0000 |
| ८ | मर्मत संभार र विद्युत / उर्जा | ६0000 | ६0000 | - | - | | १२0000 |
| ९ | जम्मा | ४७७000 | ३७५000 | २५९२000 | १२८४000 | ३५९१000 | ८३१९000 |

## २० आन्तरिक आय तथा राजश्व व्यवस्थापन

२०.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७७१२८२७७ | ५३९२५६७ | १.१३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२०.२ **आन्तरिक राजस्व अनुमान तथा असुली**- यो वर्ष गाउँपालिकाले जम्मा रु. ५५,००,००० आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा समग्रमा रु. ५३९२५६७ आम्दानी भइ लक्ष्यको तुलनामा ९८ प्रतिशत आम्दानी गरेको देखियो। सम्पती कर, कृषितथा पशुजन्य वस्तुको कर, नाता प्रमाणित दस्तुर व्यवसाय कर समेत २० शिर्षकमा अनुमान नगरी आम्दानी गरेको देखियो। गाउँपालिकाले आफ्नो आयको

सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने बास्तबिक आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ। गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन। आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा.नं.१११) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा.नं.११२), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ।

| राजस्वशीर्षक | अनुमानितराजश्व | प्राप्ति | प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | ० | ३६२२ | |
| भुमिकर/मालपोत | ३००००० | १२९९०८ | |
| वहाल कर | ० | २६१९१० | |
| वहालविटौरी कर | २५०००० | १००० | |
| सवारी साधनकर (साना सवारी) | ० | ३२०० | |
| अन्यमनोरञ्जन कर | ० | ३७००० | |
| व्यवसायलेभुक्तानी गर्ने | ० | १४०३४९ | |
| व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | ० | १५०० | |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ३००० | |
| अन्य कर | ० | ३८२९०६ | |
| अन्यस्रोतबाट प्राप्त रोयल्टी | ० | १६०० | |
| कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ४१२ | |
| अन्यबिक्रीबाट प्राप्त रकम | ० | ३२०० | |
| अन्य सेवाशुल्क तथा बिक्री | ० | १३३८५ | |
| न्यायिकदस्तूर | ० | २७०० | |
| परीक्षाशुल्क | ० | १५३६०० | |
| अन्यप्रशासनिक सेवा शुल्क | ० | ३६१८४३ | |
| सिफारिशदस्तुर | २१००००० | ७१४६५६ | |
| व्यक्तिगतघटना दर्ता दस्तुर | ० | ६६८२०० | |
| नाताप्रमाणित दस्तुर | ० | ३५१२०० | |
| अन्यदस्तुर | ० | १४३८९१ | |
| व्यावसायरजिष्ट्रेशन दस्तुर | ० | १०८०७० | |
| अन्यक्षेत्रको आय | ० | ४५९३५ | |
| अन्यराजस्व | ६००००० | ७३६०७० | |
| व्यवसाय कर | ६५०००० | १००८५१० | |
| दहत्तरबहत्तर शुल्क | १६००००० | ११४९०० | |
| जम्मा | ५५००००० | ५३९२५६७ | |

२०.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१० लाख ८ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन

गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

२०.४ राजश्व असूली- यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

| राजस्वशीर्षक | २०७९।८० को असूली | २०८०।८१ को असूली |
|---|---|---|
| सम्पती कर | | ३६२२ |
| भुमिकर/मालपोत | १८६५५४ | १२९९०८ |
| वहाल कर | ९७९५४२ | २६१९१० |
| वहालविटौरी कर | ६४०२१० | १००० |
| सवारी साधनकर (साना सवारी) | | ३२०० |
| अन्यमनोरञ्जन कर | | ३७००० |
| व्यवसायलेभुक्तानी गर्ने | | १४०३४९ |
| व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | | १५०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | ३००० |
| अन्य कर | १७०२७८९ | ३८२९०६ |
| अन्यस्रोतबाट प्राप्त रोयल्टी | | १६०० |
| कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | | ४१२ |
| अन्यबिक्रीबाट प्राप्त रकम | | ३२०० |
| अन्य सेवाशुल्क तथा बिक्री | | १३३८५ |
| न्यायिकदस्तूर | | २७०० |
| परीक्षाशुल्क | | १५३६०० |
| अन्यप्रशासनिक सेवा शुल्क | | ३६१८४३ |
| सिफारिशदस्तुर | | ७१४६५६ |
| व्यक्तिगतघटना दर्ता दस्तुर | | ६६८२०० |
| नाताप्रमाणित दस्तुर | | ३५१२०० |
| अन्यदस्तुर | | १४३८९१ |
| व्यावसायरजिष्ट्रेशन दस्तुर | | १०८०७० |
| अन्यक्षेत्रको आय | | ४५९३५ |
| अन्यराजस्व | | ७३६०७० |
| व्यवसाय कर | १७२७५४ | १००८५१० |
| | | |

| | | |
|---|---|---|
| दहत्तरबहत्तर शुल्क | | ११४९०० |
| जम्मा | ३६८१८४९ | ५३९२५६७ |

माथि उल्लिखित विववरण अनुसार आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०।८१ राजश्व १७१०७१८ वढी अर्थात ४६.४६ प्रतिशत वढी राजश्व संकलन भएको देखियो। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याई राजश्व अभिवृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२१ **भत्ता वितरण**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२ **शिक्षकको तलब भत्ता अनुदान**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलबभत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ। स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची-१ बमोजिमको फाराम भरी २०८० माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०८० फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीयतहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई थप अनुदान संघिय राजस्व बाँडफाँडबाट रु १४७२१३१८ उपलब्ध गराएको देखियो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई राजस्व बाँडफाँड-सघीय सरकारबाट प्राप्त हुने रकमबाट यस्तो विद्यालयको शिक्षक कर्मचारीको तलवभत्तामा खर्च गर्न मिल्ने कानुनी आधार नदेखिएकोले उक्त खर्च नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.नं. र मिति | विवरण | रकम | स्रोत |
|---|---|---|---|
| २८-२०८०।६।२४ | गाँउपालिका शिक्षक अनुदान | ६१,३६,११६ | राजस्व बाँडफाँड - संघीय सरकार |
| १६८-२०८०।९।२२ | गाँउपालिका शिक्षक अनुदान | ४२,४४,३३४ | राजस्व बाँडफाँड - संघीय सरकार |
| ४२५-२०८१।१।१३ | गाँउपालिका शिक्षक अनुदान | ४२,२०,७०१ | राजस्व बाँडफाँड - संघीय सरकार |
| ४७७-२०८१।२।२७ | गाँउपालिका शिक्षक अनुदान | १,२०,१६७ | राजस्व बाँडफाँड - संघीय सरकार |
| जम्मा | | १४७२१३१८ | |

२३ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवंम पूर्वाधार व्यवस्थापन**

**(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

**(ख) निजि विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

**(ग) बिद्यालयहरुको लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ५३ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८०।८१ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराइ प्रतिबेदन लिएको देखिएन। अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण गराइ बिद्यालयहरुलाइ बित्तिय अनुशासन कायम गराउनुपर्दछ ।

**(घ) अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

## २४ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ अनुसार पहाडी जिल्लामा प्रति कक्षा ४५ जना विद्यार्थिको दरले विद्यार्थी शिक्षकको अनुपात हुनुपर्ने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका बालबिकास सहित ५३ वटा विद्यालयमध्ये श्री देवीस्थान मावि वाहेक सबै बिद्यालयमा शिक्षा नियमावली अनुसारको बिद्यार्थि शिक्षक अनुपात ४५ भन्दा घटी देखियो। १०भन्दा घटि बिद्यार्थि अनुपात १२ वटामा , देखियो। ११ देखि २० सम्म बिद्यार्थि अनुपात १८.वटामा २० देखि ३० सम्म १६ वटामा, ३० देखि ४० सम्म ५ र एक बिद्यालयको ४१ देखिन्छ। स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति गरी नियमित पठनपाठनको व्यवस्था गराउने जिम्मेवारी स्थानियतहको हुन्छ। ।पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न ५३ वटा सामुदायिक विद्यालयहरुमा कुल ४८५१ विद्यार्थी संख्या र स्वीकृत शिक्षक दरवन्दी २२६ को हिसावले औषत २१.४६ विद्यार्थीको लागी एक शिक्षक कार्यरत रहेको देखिन्छ। पालिकाले बिद्यार्थि संख्याको अनुपातमा शिक्षक बढि भएको बिद्यालयलाइ गाभ्ने वा शिक्षक सरुवा ब्यबस्थापन गर्नुपर्दछ।

| सि.नं. | | शिक्षक दरबन्दी | राहत /करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री अमरमावि | ९ | ४ | १६३ | १८ |
| २ | श्रीतिखेचुलि प्रावि | १ | १ | १४ | १४ |
| ३ | श्रीदेउरालि प्रावि | १ | १ | १९ | १९ |
| ४ | श्रीभुमेचौर प्रावि | १ बावि | १ | ३४ | ३४ |
| ५ | श्रीसल्लाखर्क प्रावि | १ बावि | १ | २१ | २१ |
| ६ | श्रीमनकामना प्रावि | १ बावि | १ | ६ | ६ |
| ७ | श्री नेटादर्लीङ | १५ | २ | ३९२ | २६ |
| ८ | श्रीच्यानडाँडा आ वि | ६ | १ | २३७ | ४० |
| ९ | श्री सिद्धमालिका आ वि | ३ | १ | १२७ | ४२ |
| १० | श्रीसिद्धवावा प्रा वि | २ | २ | ३३ | १७ |
| ११ | श्रीतमुडाडाँ प्रा वि | २ | २ | ८१ | ४१ |
| १२ | श्रीजनजागरण प्रा वि | २ | २ | ४३ | २२ |
| १३ | श्रीजनज्योति प्रावि | २ | २ | ३९ | २० |
| १४ | श्रीपाटाखर्क प्रा वि | १ | | ८ | ८ |
| १५ | श्री गैराप्रावि | १ बावि | | २ | २ |
| १६ | श्रीह्वाङ्दी मेहेले मावि | १० | ५ | २७६ | २८ |
| १७ | श्रीदेविस्थान मावि ह्वाङदि | ५ | | २६७ | ५३ |
| १८ | श्री .ह्वाङ्दी चिवरा प्रावि | १ बावि | | ५ | ५ |
| १९ | श्रीगएलिचौर प्रावि | १ | | २१ | २१ |
| २० | श्रीमरानडाडा प्रावि | ४ | २ | ६९ | १७ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्रीअर्खवाङ्ग मा वि | १२ | ३ | १५७ | १३ |
| २२ | श्रीठुलीचउर प्रा वि | ४ | | ७३ | १८ |
| २३ | श्रीपैयापाटा प्रावि | १ | | २४ | २४ |
| २४ | श्रीमुलाबारी प्रा वि | १ | | १० | १० |
| २५ | श्रीछापहिले मावि | १० | ४ | २३८ | २ |
| २६ | श्रीजमलपोखरा मावि | ९ | ३ | २९५ | ३२ |
| २७ | श्रीसुर्योदय प्रावि | २ | | २१ | ११ |
| २८ | श्री सिद्धप्रावि छापहिले | ५ | | १७२ | ३४ |
| २९ | श्रीमालिका प्रावि रङग | १ बाबि | | ४ | ४ |
| ३० | श्रीविद्धदेवि प्रावि | १ बाबि | १ | २० | २० |
| ३१ | श्री अर्जेमावि अर्जे | १९ | १ | २५८ | १४ |
| ३२ | श्रीरानिपोखरि निमावि | ६ | ३ | १३३ | २२ |
| ३३ | श्रीकालिका प्रावि | ४ | १ | ८२ | २१ |
| ३४ | श्रीरैनादेवि प्रावि | २ | २ | २९ | १५ |
| ३५ | श्रीफुलवारि प्रावि | २ | | १५ | ८ |
| ३६ | श्रीदेविस्थान मा वि घमिर | १८ | १ | ३६१ | २१ |
| ३७ | श्रीबराहरुख नि मा वि | ८ | ३ | १२९ | १६ |
| ३८ | श्रीमैदानचउर प्रा वि | ३ | २ | ४१ | १४ |
| ३९ | श्रीमालिका मा वि | २१ | ५ | ४२४ | २० |
| ४० | श्री खड्गआ वि | ७ | २ | १३८ | २० |
| ४१ | श्रीथानपति आ वि | ५ | | १२२ | २४ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | श्री छत्रप्रा वि | ४ | | ६५ | १६ |
| ४३ | श्रीसिद्वेश्वरी प्रा वि | ४ | ३ | ७१ | १८ |
| ४४ | श्रीमालिका प्रा वि मर्भुग | २ | १ | २३ | १२ |
| ४५ | श्रीजनसेवा प्रा वि | १ बाबि | १ | १० | १० |
| ४६ | श्री भगवतीप्रा वि | १ | १ | १२ | १२ |
| ४७ | जनकल्याणप्रा वि | १ बाबि | १ | ११ | ११ |
| ४८ | मिर्मिरेप्रा वि | १ बाबि | १ | ७ | ७ |
| ४९ | मालिकाप्रा वि ओखरबोट | १ बाबि | १ | २१ | २१ |
| ५० | श्री शिबवाल विकास | १ बाबि | १ | २ | २ |
| ५१ | श्रीथाङ्ङा चिसापानि बालविकास | १ बाबि | १ | ७ | ७ |
| ५२ | बाँसखोलाबा वि | १ बाबि | १ | ७ | ७ |
| ५३ | शान्तसमाजबा वि | १ बाबि | १ | १२ | १२ |
| | जम्मा | २२६ | ७१ | ४८५१ | २१.४६ |

२५ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ।पालिकाले इन्जिनियर,सव इन्जिनियर,अ.सव इन्जिनियर,हलुका सवारी चालक,नगर प्रहरी,ल्याव असिस्टेन,सि.अ.हे.व.,कार्यालय सहयोगी लगायत पदमा ३७ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु १,००,३०,९४९ खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक पालिकाले यस बर्ष परामर्शदाताबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अमिन-१, सहायक कम्पुटर अप्रेटर- ३, इलेक्ट्रीसियन-१, नगर प्रहरी-६ , ल्याव असिस्टेन्ट-१, र कार्यालय सहायक -३ समेत १५ दरबन्दी थप गरेकोमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहमति लिइ पद दर्ता तथा बिज्ञापन गरी पदपुर्ति नगरी साबिक जि बि स बाट आएका ३ जना कार्यालय सहायक र , सहायक कम्पुटर अप्रेटर ३ जना समेत ६ करारमा नियुक्ति गरी तलव भत्ता खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी दरवन्दी भन्दा वाहिर करारमा नियुक्ती गरी यस बर्ष तलब भत्ता बापत रु. १८ लाख ८३ हजार ७ सय भुक्तानी गरेको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १८,८३,७०० |

२६ **रकमान्तर**

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ (संशोधन सहित) को परिच्छेद ५ को वजेट कार्यान्वयन कार्यविधिको वुंदा नं.५,३,६ मा वजेट तर्जुमा गर्दाका बखत भएका त्रुटी सच्याउन माग भई आएको वाहेक पहिलो त्रैमासीक अवधी सम्म रकमान्तर सम्वन्धी स्वीकृत लिन नहुने, रकमान्तर सम्वन्धी कार्य जेष्ठ महिना पछि गर्न नहुने र रकमान्तर गर्नुपर्दा कारण सहितको पुष्ट्याई साथ घटाउनु पर्ने र वढाउनु पर्ने वजेट शिर्षक उल्लेख गरी पेश गर्नुपर्ने ब्यबस्था छ। पालिकाले यस बर्ष स्वीकृत भएका १०५ योजना तथा कार्यक्रकमको रु २ करोड २१ लाख ४ हजार बजेट घटाइ थप १०२ वटा योजना तथा कार्यक्रममा पुरै रकम थप रकमान्तर गरेको देखियो। यस बर्ष सभाबाट पुर्वाधारका योजना छनौट गरेकोमा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वियन हुन नसक्नाको आधार र कारण बेगर उक्त योजनामा बिनियोजन गरेको पुरै रकम छनौट प्रक्रियामा नपरेका योजना तथा कार्यक्रममा बिनियोजन गरी कार्यान्वियन गरेको देखियो। स्थानिय सरकार सञ्चालन ऐन अनुसार छनौट प्रकृया पुरा गरेका योजना मात्र कार्यान्वियन गर्ने र एक पटक प्रकृया पुरा गरी छनौट भएका योजना तथा कार्यक्रम स्पस्ट आधार र कारण बेगर हटाउने प्रबृतीमा नियन्त्रण हुनु पर्दछ। छनौट योजनामा समाबेश नभएका योजना तथा कार्क्रमका उदाहरण निम्नानुसार छन।

| थप योजना/ कार्यक्रमको नाम | बिनियोजन र खर्च रकम रु हजारमा |
|---|---|
| बोम आरुधारा मो.बा. निर्माण | ३००० |
| सुनापोते साराकटेरी सडक स्तरोन्नती | ३०० |
| शिवालय मन्दिर ट्रष्ट निर्माण | १०० |
| देशान्तरी मन्दिर ट्रष्ट निर्माण | १५० |
| प्रशासकीय भवनको ईन्टेरिअर डिजाईनको लागि विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) | १५० |
| निस्ती भ्यागुते दोभान दोभान घाट ट्रष्ट तथा चौपारी निर्माण | ३०० |
| ठुलोभिर सिर्कना मो बा | २०० |
| मालिका पिस पार्क पेन्टिङ्ग र वायरिङ्ग | ८०० |
| पौवा देखि कम जाने मो.बा. | २०० |
| च्यानडाँडा मा वि रेलिङ्ग निर्माण | १५० |
| भकुम्ले सिरुखर्क मो बा | १४० |
| तल्लो सत्तिमला आम्वोट अर्जेङ्ग मो.बाटो | ५० |

रकमान्तर बाट नया योजना तल्लो सत्तिमला आम्वोट अर्जेङ्ग मो.बाटोमा रु ५०००० बजेट बिनियोजन गरेकोमा योजना कार्यान्वियन भएको देखिएन। खर्च नहुने नया योजनामा बजेट रकमान्तर गर्नु उचित देखिएन।

२७ **अमानतबाट मोटरबाटो मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तहमाथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। यसरी अमानतबाट काम गर्नु पर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाले प्राविधिक लागत अनुमान तयार गरी मेसिनरीको प्रयोग गर्ने गरी मोटर बाटो निर्माण कार्य गर्न अमानतमा गर्न वडा सचिवलाई कार्यदेश दिएको देखियो। पालिकाले वडा भित्रका सडक बर्षाको कारण बिग्रीएर सडक सन्चालन गर्न कार्यपालिकाको निर्णयबाट अमानतमा गरेको जनाएको छ। यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं.र मिति | योजना / कार्यक्रम | रकम |
|---|---|---|
| १०-२०८०।८।६ | बाटो मर्मत तथा बाटो | ९९३४० |
| ११-२०८०।८।२९ | बाटो मर्मत तथा बाटो स्वहोर्नेकार्य | ९२२७३ |
| १२-२०८०।९।१७ | बाटो मर्मत | ९९७६४ |
| १३-२०८०।९।१७ | जाली भर्ने तथा ढुङ्गा गारो लगाउने | ९५८८८ |
| १४-२०८०।९।१७ | पहिरो नियन्त्रण कार्य | ९८३५९ |
| १७-२०८०।९।२९ | सडक मर्मत | ९१८३३ |
| १८-२०८०।१०।३ | सडक मर्मत | ९७४२२ |
| २४-२०८१।१।२४ | सडक मर्मत | ९९०१० |

२८ **बैठक भत्ता**

२८.१ (३४३-२०८०-१२-२१):

**खरिद समितिको वैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-९** को निर्णयले रू **१४०,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८.२ **दोहोरो भुक्तानी:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा २९ योजना सञ्चालन गरी यस वर्ष १६६ जनालाई औसत ५० दिनले ८३०० दिन रोजगारी उपलव्ध गराई रु. ५५,४४,४००। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। प्राथमिकताको सूची अनुसार वेरोजगारहरुको छनोट भएको देखिएन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३० **प्रशासकिय भवन निर्माण**

३०.१ प्रशासकिय भवन निर्माण ठे.नं. २७-०७७।०७८ को कार्यमा रु. ७६७१८२२४। मा शुरु म्याद २०८०।५।१ भित्र कार्य सम्पन्न गर्ने गरी विकोइ श्रेष्ठ सुनिल समिर जे.भी संग २०७८।५।१ मा सम्झौता भएकोमा यस वर्ष सम्म आर.सि.सी आठौं विल सम्म रु.४६५८९९१६

मुल्याङ्कन भएकोमा (सो मध्ये रु.४७१६०२९। २०८१।८२ का लागि भुक्तानी वांकी) निम्नानुसार देखियो ।

३०.२ म्याद थप – निर्माण कार्यको म्याद २०८०।४।१४ को कार्यपालीकाको निर्णयले प्रथम पटक २०८१।२।३० सम्म थप भएकोमा सो अवधीमा पनि कार्य सम्पन्न नभएको भनी दोस्रो पटक निर्माण व्यवसायीले २०८१।२।६ मा दिएको निवेदन अनुसार २०८१।६।३० सम्म म्याद थपको लागि माग गरे अनुसार २०८१।३।६ को निर्णयवाट म्याद थप गरेको देखिन्छ । थप भएको म्याद भित्र कार्य सम्पन्न गराउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

३१ **थप परामर्सदाताबाट कार्य** (२७१-२०८१-३-२७):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **४९७,७६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३२ **मनसुनजन्य विपदवाट क्षतिग्रस्त निजि आवाशको पुननिर्माण**

मनसुनजन्य विपदवाट क्षतिग्रस्त निजि आवाशको पुननिर्माण, पुनस्थापना तथा प्रवलीकरण गर्न पालीका अन्तर्गतका १३ जना लाभग्राहीको रकम मनसुनजन्य विपद प्रभावित निजी आवाश पुनःनिर्माण तथा पुनर्स्थापना अनुमान कार्यविधि २०७७ वमोजिम पालीकाले जिल्ला प्रशासन कार्यालय गुल्मीको विपद खातामा रु.५२००००। रकम भुक्तानी गरेकोमा पुनःनिर्माण गर्नुपर्ने निजी आवाश कस कसको हो सो खुल्ने विवरण र पुनःनिर्माण सम्पन्न भएको प्रमाण कागजात पेश हुनुपर्दछ।

३३ **नन् फाइलरलाइ मु अ कर**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **१००,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३४ **नमुना बिद्यालय भौतिक पुर्वाधार कार्यक्रम**

३४.१ यस पालिका अन्तर्गत नमूना विद्यालयको रुपमा मालिका नमूना माद्यामिक विद्यालय छनौट भई २०७८।७९ देखि बार्षिक रु.१ करोडका दरले यस बर्ष सम्म ३ करोड विनियोजन भएकोमा निम्नानुसार देखियो ।

भौतिक पुर्वाधार कार्य पालिकाबाट: शिक्षा तथा मानव श्रोत विकास केन्द्र ,कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ मा केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत विद्यालयको गुरुयोजना (Master Plan) बमोजिम स्वीकृत भवन निर्माण गर्दा लागत अनुमान सहित अनुदान माग गरी स्वीकृत भए बमोजिम गर्नुपर्ने,विद्यालयसंग सम्झौता पश्चात अनुदान रकमको ५० प्रतिशत निकासा दिने,Structural Part को कार्यसम्पन्न भए पश्चात दोश्रो किस्ता ३० प्रतिशत निकासा दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तीम किस्ताको रुपमा कूल अनुदान रकमको बाँकी २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। त्यसै गरी गाउँपालिकाले नमुना विद्यालयको रुपमा छनौट भएको मालिका माध्यमिक विद्यालयको भवन निर्माण कार्य निर्देशिका बमोजिम विद्यालयलाई निकासा नदिई गाउँपालिका स्वयमले नै ठेक्का व्यवस्थापन गरी कार्य गराएको कार्यक्रम कार्यान्वियन निर्देशिका बिपरित देखिन्छ। निर्देशिकाको पालना हुनुपर्दछ।

३४.२ **कार्यान्वयन योजना-** कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ अनुसार वजेट विद्यालयलाई उपलव्ध गराउंदा विगत वर्ष वाट निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यन्वयन योजना र यस आ.व.मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई स्वीकृत गर्नुपर्ने ब्यबस्थाको पालन भएको देखिएन।

**गुरुयोजना परिमार्जन**- कार्यक्रम कार्यान्वियन निर्देशिकामा नमूना विद्यालय विकासका लागि तयार भएको भौतिक एवं शैक्षिक गुरुयोजना विद्यालयको प्रस्तावको आधारमा स्थानीय तहले आवश्यकता एवं औचित्यका आधारमा परिमार्जन/ अद्यावधिक गर्न सकिने ब्यबस्था छ। पालिकाले स्वीकृत गुरुयोजनाको परिमार्जन नगरी बजेट निकासा भए बमोजिम लागत अनुमान स्वीकृत गरी कार्यन्वयन गरेको देखियो। निर्माणाधिन भौतिक पूर्वाधार सम्पन्न गर्ने विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने। स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईले भौतिक निर्माण तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव विकास केन्द्रको विद्यालय मापदण्ड निर्धारण शाखामा उपलपव्ध गराउने ब्यबस्था कार्यान्वियन पुस्तिकाले गरेकोमा सो को पालना हुनुपर्दछ।

३४.३ पालिकाबाट पेश भएको बिबरण अनुसार आ.व. २०७८।७९ मा विनियोजन भएको रु.१ करोड वाट बिद्यालयले ग्राउन्ड फेनसिङ , ट्रस निर्माण, भवन मर्मत कार्य गरी रु ३५४७४८९ खर्च गरेको ,दोस्रो आ.व. २०७९।८० मा विनियोजन भएको रु.१ करोड वाट पालिकाले श्रेष्ठ कन्ट्रक्सनवाट ठेक्का व्यवस्था गरी फाउण्डेशनको कार्यमा रु ७६५६२०८ भुक्तानी दिएको र यस आर्थिक वर्षमा तेस्रो बर्ष २०८०।८१ मा विनयोजन भएको रु. १ करोड वाट पहिलो प्याकेजमा सोही भवनमा स्ट्रक्चर र ब्रिकको कर्य निर्माण व्यवसायीसंग रमार्ककेवल विल्डर्स प्रा.लि संग सम्झौता गरी रु.६४१७६२। भुक्तानी गरेको देखियो ।यसै वर्ष दोस्रो प्याकेज सोही भवनमा ब्रिकको कार्य नन्स्टप कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.संग रु.१८३२३७१। को सम्झौता गरी रु.१६२७८८४। र तेस्रो प्याकेज अन्तर्गत सोही भवनमा प्लास्टरको काम वापत कोटेशनवाट आर.आर.कन्ट्रक्सन संग रु.९२४२७१। को सम्झौता गरी रु.८९७२५८। भुक्तानी गरेको छ । यसरी एउटै भवन निर्माण कार्यको वर्षै पिच्छे लागत अनुमान र निर्माण व्यवसायीसंग सम्झौता गरी भुक्तानी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका विपरीत देखिन्छ ।

३५ **बिमालेख र भुक्तानी** (१६१-२०८०-१२-३०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१२** को निर्णयले रू **१४,७६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **बढि भुक्तानी** (२५३-२०८१-३-२२):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१२** को निर्णयले रू **४३,३५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **लागत साझेदारी**

पालीकाले युनाइटेड (UWS) र मालीका गाउंपालीकाको साझेदारीमा निम्नानुसारका निर्माण कार्य गरेकोमा साझेदार संस्थाले सवैको कार्य मुल्याङ्कन देखिने एकिकृत लागत अनुमान र कार्य मुल्याङ्कन तथा खर्चको पुष्टी हुने विल भरपाई संलग्न नगरी पालीकाको अंशको मात्र विल भरपाई संलग्न गरी भुक्तानी गरेको देखियो

| गो.भौ.नं. र मिति | योजना/कार्यक्रम | लागत अनुमान | मुल्याङ्कन | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|---|
| २५३।२०८१।३।२२ | च्यानडाँडा मा.वि. ९ कोठे भवन र शौचालय निर्माण | ६८३६७३३ | ७३३४८३० | च्यानडाँडा मा.वि | ७९६८०० |
| २५८।२०८१।३।२२ | सिद्ध मालिका आधारभुत विद्यालय ५ कोठे भवन र शौचालय निर्माण | ३४४१२६१ | - | सिद्ध मालीका आधारभुत विद्यालय | ६६७०९४ |

३८ **आन्तरिक आय ब्यबस्थापन**

३८.१ पालीकाको कार्य क्षेत्र भित्रपर्ने IEE प्रतिवेदन २०७९ ले सिफारीस गरेका निम्नानुसार उत्खनन् क्षेत्रमा ठेक्का व्यवस्था गरी नदीजन्य पदार्थ विक्री गरी न्यूनतम रु.३०१५४७० राजश्व आम्दानी गर्नुपर्नेमा पालीकाले नदीजन्य पदार्थ विक्रीका लागी ठेक्का नं.१ देखि १४ सम्म कायम गरी सिलवन्दी दरभाउपत्रवाट सूचना आव्हान गरेकोमा ठेक्का नम्वर १, ६, ७, ड मा मात्र मू.अ.कर समेत रु.११७२३७५। असूल गरेको देखियो । अन्य ठेक्का नम्वर २, ३, ४, ५, ९ र १४ गरी ६ वटा घाटमा ठेक्का नपरेकोले सो क्षेत्रवाट पालीकाले अमानतवाट मू.अ.कर समेत रु.१५११९०२। मात्र असूली गरेको देखियो ।

| **उत्खनन् क्षेत्र** | **वार्षिक सिफारीस परिमाण घनफुट** | **वार्षिक राजश्व संकलन** |
|---|---|---|
| अल्स्यन्ग घाट | ४४४९६ | २६६९७४ |
| अर्जे खोला (फुलवारी सम्म) | ३२२०६ | १९३२३८ |
| बोमखोला घाट | ४०४२७ | २४२५६५ |
| चिलमिला घाट | १०१७७ | २४२५६५ |
| डाँडाखेत हाईड्रो पावर क्षेत्र (निस्दी खोला क्षेत्र) | ११४४२ | ६८६५० |
| ढाब वगर | २९८३३ | १७९००० |
| घमिर खोला वगर (सिलादी खोला क्षेत्र समेत) | २२०३६ | १३२२१६ |
| गिठे धरमपानी वगर | ६००७ | ३६०४९ |
| हुल खोला क्षेत्र | ४५७७ | २७४६० |
| कटाह शाहीरुम्टा वगर | २२८८३ | १३७३०१ |
| नेटा लिलिंग वडीगाड तथा दुनाम क्षेत्र | १३६३४७ | ८१८०८४ |
| निस्दी खोला क्षेत्र (साविक हाम्दी क्षेत्र) | ६३५६५ | ३८१३९१ |
| सिस्नेरी घाट | १८०२४ | १०८१४६ |
| तिलाकाटे वगर | ६०५६४ | ३६३३८१ |
| **जम्मा** | **५०२५७८** | **३०१५४७०** |

उपरोक्त अनुसार पालीका क्षेत्र भित्रका उत्खनन् क्षेत्रमा ठेक्का नभएको अवस्थामा पालीकाले चोरी निकासी नियन्त्रणमा कुनै विधि अपनाएको देखिएन। यस बर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा पालीका भित्रका उपभोक्ता समितिबाट सन्चालित योजना संचालनमा आवश्यक पर्ने नदीजन्य पदार्थको खरिदको सप्लायर्सवाट रितपूर्वकको विल विजक नलिई ठाडो भरपाईमा नदीजन्य पदार्थ खरिद गरेको भरपाई पेश गरेको देखिंदा चोरी निकासी नियन्त्रण भएको देखिदैन ।चोरी निकासी नियन्त्रण गरी नदिजन्य पदार्थको संरक्षण गर्नुपर्दछ।

३८.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१२** को निर्णयले रू **१५१,९०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९ **बिद्यालयको जिन्सी ब्यबस्थापन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **३४२,७७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **११०,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४० **गैह्र सरकारी संस्था हेफर** -

४०.१ कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट बाख्रको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बाख्रा बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु २ करोड १० लाख को लागत साझेदारीमा मिति २०८० श्रावण १६ देखी २०८२ असार १६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०।२।१८ मा सम्झौता भएको छ । कुल लागत रु ३ करोड मध्ये ७ प्रतिशतले ले हुने रकम रु२ करोड १० लाख पालिकाले र बाँकी हुने ३० प्रतिशत रकम रु ९० लाख हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. १,०२,२३,०००भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन्

४०.२ **कृषि शाखाबाट सम्पादन गर्नुपर्ने कार्य-** पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०८०।१२।१८ मा दुइ वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये पालिकास्तरको स्थलगत अनुगमनमा रु १३७६००, परियोजना अनुगमन समिति बैठकमा रु ४४७००, वडास्तरमा परियोजना ब्यबस्थापन समितिको बैठकमा रु १८९६०, वडास्तरमा परियोजना अनुगमन तथा ब्यबस्थापन समिति गठनमा रु १७३७०, पालिकास्तरका प्राबिधिकहरुसँगको बैठकमा रु १३३१५ र पालिकास्तरमा परियोजना अनुगमन तथा समन्वय समिति गठनमा रु. ७६००, समेत रु. २३९५४५ हेफरलाई किस्तामा उपलब्ध गराएको छ।पालिकामा रहेका स्थायी दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,३९,५४५ |

४०.३ **समानिकरण अनुदान-** पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाइ व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशू प्राविधिक कार्यरत रहेको, कृषि तथा पशू सेवामा योगदान पुर्याउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट मार्फत तालिममा रु.८८७८७६, बाख्र,बोका,बंगुर, तरकारीको बिउ,घाँसको बिउ, उखुको बिउ, मौरी घार बितरण रु ५११४९३५, भकारो सुधार र टनेल निर्माण रु १७४५९६९, बाख्राको खोर निर्माण अनुदान रु

१५४१४२५, लोकल कुखुरा दाना भाँडा औषधी बितरण रु ५७८०७९, र पशु स्वास्थ्य शिबिरमा रु १२०००० र अन्य क्रियाकलापमा समेत रु. १०२२३१५४ उपलब्ध गराएको नियमसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

**पेश्की**- पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नु स्वीकृत संरचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्ट्रिय गैरसरकारी सस्था कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ। पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत रु ७०३४३०६ पेश्की दिइ फछ्यौट गरेको नियम सम्मत देखिएन।

४०.४ **अनुगमन**- पालिका र हेफर नेपाल बीच भएको सम्झौताको शत प्रतिशत कार्य गैर सरकारी सस्था जनबिकास केन्द्र ( मु. क. द. न . ३०४२८७७६१ ) मार्फत गराएको छ।हेफर नेपाल संस्थाले उक्त सस्थामार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।सम्झौता अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन गरेतापनि अनुगमनमा देखिएका कमि कमजोरी सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन। साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधिमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन।

४०.५ **खर्चको प्रतिफल र गुणस्तर**- सम्झौता अनुसार परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन।

४०.६ **प्रशासनिक खर्च**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि र दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु. १,७२,२३,१५४ भुक्तानी गरेको र हेफर प्रोजेक्टले गैर सरकारी सस्था जनबिकास केन्द्र मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन। हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने

गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ।

४०.७ **कार्यक्रमको उपलब्धी र प्रभाव-** पालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधिमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ।कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई चौमासिक रुपमा पेश्की दिई कार्यसम्पन्न भएको छ। जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न।पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन।

## ४१ उपभोक्ता समितिको कार्य निर्माण ब्याबसायीबाट

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सन्चालन हुने निर्माण कार्यमा डोजर एक्साभेटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न नपाउने तर यदि लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएमा सम्बन्धित प्राबिधिकको सिफारिसमा मेशिन प्रयोग गर्न सक्ने ब्यबस्था छ। नियमावलीको यो प्राबधान अनुसार उपभोक्ताको सहभागिता आबश्यक नपर्ने शत प्रतिशत मेशिनबाट सडक ट्र्याक खेल्ने र बिस्तारको कार्य उपभोक्ताबाट नगद सहभागिता नगराइ मेशिन मात्र प्रयोग गर्नेगरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। सोही नियमावलीको उपनियम (१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाइ भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफरिस गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परिक्षण गर्दा कार्यालयले यस वर्ष निम्नानुसारका सडकको माटो र चट्टान समेत काटी सडक बिस्तार गर्ने कार्यको उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो। उपभोक्ता समितिले उक्त योजनामा उपभोक्ताको नगद सहभागिता नगराइ शत प्रतिशत मेसिनबाट कार्य सम्पन्न गरेको पेश भएका बिल भर्पाइबाट देखिन्छ। मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी उपभोक्ता समितिले खातामा रकम जम्मा गरी एकाउन्टपेयी चेकबाट निर्माण ब्याबसायीलाइ रकम भुक्तानी नगरी मुल्यांकन रकमको हारहारीको कर बिजक पेश गरेको अबस्थामा कार्यालयले उक्त कार्य निर्माण ब्याबसायीबाट गराए नगराएको सम्बन्धमा अनुगमन गरी उपभोक्ताको लागत नदेखिदा उपभोक्ताको कार्य सम्झौता तोडी ठेक्कामा कार्य गर्ने निर्माण ब्याबसायीलाइ कारवाही गरेको देखिएन।तसर्थ यस्तो कार्यको पालिकाबाट अनुगमन गरी उपभोक्ता समितिले शत प्रतिशत मेशिन प्रयोग गर्ने गरी सम्झौता गर्ने कार्य पुर्णरुपमा नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.मिति | योजनाको नाम | प्राबिधिक मुल्यांकन रकम | निर्माण ब्याबसायीको नाम | निर्माण ब्याबसायीको बिल रकम | उपभोक्ता समितिलाइ कार्यालयबाट भुक्तानी |
|---|---|---|---|---|---|
| ४१-२०८०।९।१ | च्यानडाँडा भकिम्ले सिरुखर्क बाघखोर मो. बा -२ नया ट्रयाक खोलेको | ३७४७५७ | हिमाल सागर समुन्द्र ब्रदर्स कन्स्ट्रक्सन प्रा लि | ३७५००० | ३४८४३९ |
| ८०-२०८०।१०।२९ | मोटरबाटो मर्मत वडा न ७ माटो कटीङ र पहिरो सफा | ५९४०५५ | कालिका निर्माण सेवा | ५९४०५५ | ५५४१७९ |
| २- २०८०।९।२९प्रदेश | अर्जे हिले गापा कार्यालय सडक निर्माण ५ | १००३९६६ | कालिका निर्माण सेवा | १००३९६५ | ९६०००० |
| १६७-२०८१।१।२ | पिडालुखोर मो.बा निर्माण ३ नया ट्रयाक खोलेको | २६८५३२ | स्टार बिन्दबासिनी कन्स्ट्रक्सन प्रा. लि. | २५०००० | २५०००० |
| ४८-२०८०-९।२६ | मोटरबाटो मर्मत वडान ८ | ३२०४२९ | जानका सितल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३२०४३० | ३००००० |
| ७०-२०८०-१०।१६ | मोटरबाटो मर्मत उपभोक्ता समिति वडा न २ | ३२४५५५ | गाउले निर्माण सेवा | ३२४५५५ | ३००००० |
| ७१-२०८०-१०।१६ | महभिर उल्यार तल्लो दुनाम मो बा उपभोक्ता समिति | ८१४०९ | समुन्द्र ब्रदर्श कन्ट्क्सन प्र.लि. अन्य काम समेत | ११४१३० | १००००० |
| ८९-२०८०-११।२२ | बनेखोला डिही माग्दी चुदारखोला | ११२६०९ | जानकाशितल कन्ट्रक्सन एन्ड सप्लायर्स प्र.लि. | ११२६०९ | १००००० |
| १००-२०८०-११।२७ | दगास मैदान रामकृष्णे मोटरबाटो निर्माण उपभोक्ता समिति | १६१६३२ | राकेश बिल्डर्स | १६३८५० | १५०००० |
| ३८-२०८०-९।१६ | छापहिले मो बा मर्मत उपभोक्ता समिति | ४६६३८२ | जानकाशितल कन्ट्रक्सन एन्ड सप्लायर्स प्र.लि. | ४७८९०२ | ४३६१२९ |
| ४०-२०८०-९।१७ | | २०४६०० | गाउले निर्माण सेवा | २०७१६३ | १९१५४१ |
| १०३-२०८०-१२।२ | कालिरह गएलीचौर मो.बा उपभोक्ता समिति | १९३०१६ | गाउले निर्माण सेवा | १९४००० | १८०००० |
| १२३-२०८०-१२।१५ | भकुम्ले सिरुखर्क मो बा | १५०७८० | हिमाल सागर समुन्द्र ब्रदर्श कन्ट्क्सन प्र.लि | १५१००० | १४०००० |
| ११५- | गोफ्लेगैरा ओडारे मोटरबाटो | १७०८०७ | हिमाल सागर समुन्द्र ब्रदर्श | १६०९६८ | १५०१२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०८०-१२। १५ | | | कन्ट्क्सन प्र.लि | | |
| १२६-२०८०-१२। १५ | ठुलोभिर सिर्कना मो बा | ३२०११५ | बडिगाड कन्स्ट्रक्सन | ३२१२५१ | ३००००० |
| १३२-२०८०-१२। १६ | मोटरबाटो मर्मत वडा न १ | २५१५३४ | गाउले निर्माण सेवा | २५१५३४ | २३०००० |
| १४९-२०८०-१२। २९ | पौवा देखि कम जाने मो बा | २६७९१५ | श्याम पद्मकन्या कन्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | २६७८१० | २५०००० |
| ६२-२०८०-१०। १० | गुन्माङ जन्तेढुङ्गा मो बा | १५२००० | हिमाल सागर समुन्द्र ब्रदर्श कन्ट्क्सन प्र.लि. | १६३००० | १५०००० |
| ६८-२०८०-१०। १६ | गोठाक्ना मो बा उपभोक्ता समिति | १११०४७ | हिमाल सागर समुन्द्र ब्रदर्श कन्ट्क्सन प्र.लि. | ११३००० | १००००० |
| १५३-२०८०-१२। २९ | ठुटेपिपल घमिरखोला मोटरबाटो उपभोक्ता समिति | १६०००० | रकेट बिल्डर्स | १६१०२५ | १५०००० |
| जम्मा | | ५६९०१४० | | ५७२८२४७ | ५३४०४१३ |

४२ **प्राबिधिक मुल्यांकन**

४२.१ (४२-२०८०-९-१८):

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **१,०३१,०५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४२.२ (२५१-२०८१-३-२२):

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **१,१२४,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४३ **प्राबिधिक मुल्यांकन र नापी किताव**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनको हाराहारी परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो

भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

४४ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

४५ **आन्तरिक लेखापरीक्षणको ब्यहोरा**

४५.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ बमोजिम आन्तरिक लेखापरिक्षणबाट देखिएका व्यहोरा अन्तिम लेखपरीक्षण हुनु अगाडी असुल फर्स्यौट गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्ने व्यवस्था छ।पालिकाले आन्तरिक लेखापरीक्षणबाट औल्याएका निम्नानुसारका व्यहोरा अन्तिम लेखापरीक्षण अवधीसम्म पनि फछ्र्यौट गरेको देखिएन।

४५.२ (४६-२०८०-६-३०):

**औषधोपचारखर्च:**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-९** को निर्णयले रू **४१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५.३ (१००-२०८०-१२-२१):

**बढि भुक्तानी**:

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१२** को निर्णयले रू **२,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५.४ **विद्युत महशुलमा जरिवाना भुक्तानी** - सार्बजनिक खर्चलाइ मितब्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ मा बजेट बिनियोजन भएको अबस्थामा बिद्युत महशुल समयमा नै तिरी नियमानुसारको छुट लिनुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न कार्यालयहरुको विद्युत महशुल भुक्तानी गर्दा २५ प्रतिशत जरिवाना सहित भुक्तानी गरेको देखियो।विलम्व गरी जरिवाना वापतको रकम रु भुक्तानी गरेको नियमसंगत नदेखिएको रु

| गो.भौं.नं. र मिति | कार्यालय | जरिवाना रकम |
|---|---|---|
| ५४८-२०८१।०३।१३ | वडा ५ कार्यालय | १६७० |
| १४-२०८१।०२।०३ | अर्खवाङ्ग स्वस्थ्य चौकी | ४९५४ |
| ४-२०८०।०७।१२ | अर्खवाङ्ग स्वस्थ्य चौकी | २०४६ |
| ६२८-२०८१।०३।१२ | शैरेपोखराको घर भाडा संझौता वमोजिम | १६९६ |
| जम्मा | | १०३६६ |

| अनियमित भएको | १०,३६६ |
|---|---|

४५.५ राजश्व दाखिला: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट दाखिला गरी जिम्मेवार व्यक्तिले तोकिय वमोजिमको ढाँचामा राजश्वको लेखा राख्नुपर्ने व्यवस्था छ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १० दिन भन्दा ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।कार्यालय अन्तर्गत 8 वटा वडामा प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भन्दा केही ढिला दाखिला भएको देखियो। ऐनको पालना गर्नुपर्दछ।

४५.६ ईन्धन खर्च आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्तव ऐन २०७६ को दफा २४ मा खर्च गर्ने कार्याविधि र मापदण्ड सम्बन्धि व्यवस्था मा विनियोजन बजेटको सिमा भित्र रहि रितपुर्वकको काजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानि आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख भएको, आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई , प्रमाण , कागजात संलग्न हुनु पर्ने उल्लेख छ। कार्यलयमा आ.व. २०८०।८१ मा ईन्धन शिर्षकमा रु. २४२९८२७ रकम भुक्तानी भएको तर कुपन आदेश जारि गर्ने , सावारि लगवुक पेश गर्ने कार्य गरेपनि ईन्धन खपतमा मितव्ययिता तथा पेश गरेका सवारी प्रयोग लग बुक अनुसार प्रति लिटर ईन्धन खपतमा सवारीले पार गरेको दुरी (माईलेज) मा कमि रहेको देखिन्छ । तसर्थ कार्यालय सञ्चालन तथा विकास व्यस्थापनको क्रममा प्रयोग गरिने ईन्धनको खपतमा मितव्ययिता कायम गरी नियममा व्यवस्था भए वमोजिम आवश्यक कागजात संलग्न गरी नियमको पालना गर्दै प्रशासनिक खर्चमा मितव्ययीता तथा प्रभावकारीता अभिबृद्धि गर्नु पर्दछ।

४५.७ **विपद व्यवस्थापन** - प्राकृतिक तथा गैर प्राकृतिक वित्तिको कारण परेको क्षति को पुनर्उत्थान तथा राहातको लागि मालिका गाउपालिकाको पालिका स्तारिय गाउपालिका अध्याक्ष को आध्यक्षता मा गठित विपद व्यवस्थापन समितिको सिफारिस तथा कार्यापालिकाको निर्णय बमोजिम यस पालिका बाट विपद व्यवस्थापन कोष स्थापना गरि सो कोषवाट रकम खर्च गर्ने गरेको पाईन्छ। आ.व. २०८०।८१ मा यस विपद व्यवस्थापन कोषबाट रु. १३०३१२० खर्च भएको छ ।बिपद पश्चातको समयमा राहत उद्धारको लागि भन्दा विपद आउन नदिनको लागि गरिने विपद न्युनुकरण को पुर्व तयारी, जनचेतना, सोहि अनुसारका पूर्वतयारी जलवायु अनुकुलित विकास लागायतमा बढि जोड दिनु पर्दछ।

४५.८ **वडा सञ्चालन खर्च भुक्तानी**- आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्तव ऐन २०७६ को दफा २४ मा खर्च गर्ने कार्याविधि र मापदण्ड सम्मबन्धि व्यवस्था मा विनियोजन बजेटको सिमा भित्र रहि रितपूर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख भएको, आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको पुष्टि गर्ने बिल, भरपाई,प्रमाण,कागजात संलग्न हुनु पर्ने उल्लेख छ। पालिकाबाट भुक्तानी हुने वडा सञ्चालन खर्चमा वडा सचिव मर्फत पेश भएका श्रेस्तामा आधकांश वडामा ईन्धन खरिद गरेको विल र पेश गरेको सवारी प्रयोग लग वुकका विवरण अनुसार सवारि साधनको ईन्धन खपत ( माईलेज) अधिक देखिन्छ। प्रतिलिटर ईन्धन खपतमा मोटरसाईकलले पार गरेको दुरी १०-१५ किमि मात्र रहेको देखिन्छ। यसमा सुधार हुनु पर्दछ। साथै अतिथी सत्कार तथा विविध खर्चमा पार्दर्शिता र मितव्ययियता कायम गर्नु पर्दछ।

**आतिथि सत्कार तथा विविध खर्च**- मालिका गाउँपालिकाको तालिम तथा वैठकमा दिईने पारिश्रमिक र भत्ता सम्वन्धि कार्याविधि २०७६ मा गाउपालिका तथा वडा स्तरमा सञ्चालन गरिने बिभिन्न तालिम तथा गोष्ठिहरु, कार्यक्रममा प्रतिसहभागि प्रतिदिन अधिकतम रु.२०० खाजा खर्च वापत खर्च गर्न सक्ने व्यवस्था गरेको छ । तथा तालिम , गोष्ठिमा विहानदेखि सञ्चालित कार्यक्रममा खाना वापत प्रति सहभागी प्रतिदिन रु. ३५० खर्च गर्न सक्ने व्यवस्था रहेको छ ।गाउँपालिकाले आ.व. २०८०।८१ को विभिन्न मितिमा अतिथि

सत्कार तथा विविध शिर्षकमा रु. १४,४५,९६१ खर्च लेखाङ्कन गरेको छ। सार्वजनिक खर्चमा र चालु प्रकृतिका यस्ता खर्चमा मितव्ययिता तथा खर्च पुष्टि गर्ने किसिमले पारदर्शिता कायम गरी वित्तिय सुशासन कायम गर्नुको साथै रोजगारी सृजना, दिगो आय आर्जन हुने क्षेत्रमा रकम परिचालन गर्ने कुरामा पालिकाले ध्यान दिनु पर्दछ।

**प्राविधिक मुल्याङ्कन र संलग्न विल, दर विश्लेषण** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकामा उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न भएका विभिन्न आयोजनाहरुको लागत अनुमान अनुसारको कार्य सम्पन्न गरेको प्राविधिक मुल्याङ्कन पेश भएको, उपभोक्ता समिति सार्वजनकि खरिद ऐन मा व्यवस्था भएको कार्यविधि मापदण्ड पुरा गरी गठन गरेको खर्च सार्वजनिक गरि योजना फरफारक का लागि पालिकामा पेस हुन आएको देखिन्छ। स्विकृत जिल्ला दर रेटका आधारमा तयार पारेको दर विश्लेषण अनुसारको दर मा गाउपालिका वाट लागत अनुमान तयार हुने तथा सोहि दरमा नै निर्माण कार्यको मुल्याङ्कन भई सोही अनुसारको रकम भुक्तानी हुने गरेको छ। तर निर्माण सामाग्री सिमेन्ट, ईटा, छड को स्विकृत जिल्ला दररेट अनुसार ढुवानी सहित सिमेन्ट को आवश्यक परिमाण भन्दा अधिक परिमाणको तर स्विकृत जिल्ला दर भन्दा कम दरको बिजक पेश गर्ने गरेको देखियो। उपभोक्ता समितिले प्रविधिक लागत अनुमान अनुसारको कार्य सम्पन्न गर्दा पनि बिल बिजको आधारमा देखिने कैफियतको समाधान गर्न तथा अन्डर विलिङ्गको कारण कर चुहावट रोक्न सम्बन्धित निकायले प्रभावकारी नियमन गरि यस किसिमका कैफितहरु को सुधार गर्नु पर्दछ।

ब्याबसाय प्रमाणपत्र नबिकरणबेगर अनुदान- गाउपालिकामा दर्ता कायम रहेका कृषक समुह तथा फर्म लाई कृषि सामाग्री अनुदानमा वितरण भएकोमा निम्न वमोजिमका कृषक समुह तथा फर्म ले व्यवसाय नविकरण गरेको प्रमाण बेगर अनुदान दिएको देखियो। ब्याबसाय नबिकरण गरी ब्याबसाय गरेको प्रमाणको आधारमा मात्र अनुदान दिनुपर्दछ।

१) किसानटारी व्यवसायिक तरकारीखेति कृषक समुह ( मालिका ८)

२) हरियालि तरकारीबाली कृषक महिला समुह

३) भगवती आरन्दुङ्गा बहुउद्देश्यीय कृषक समूह

४) उज्यालो कृषक समूह

४५.९ **बैंक हिसाव मिलान** - स्थानीय तह सरकार संचालन ऐन, को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सीफारिसमा महालेखा परिक्षकबाट स्वीकृत भएको ढाचामा राख्नु पर्ने उल्लेख छ। सो बमोजमि मासकि रुपमा स्रेस्ता र बैक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले संचालन गरेको खाताको मासिक रुपमा बैंकहिसाव मिलान विवरण तयार गरेको छैन। अत: पालिकाले ऐनमा व्यवस्था भए वमोजिम वैंक हिसाव मिलान विवरण तयार गरिनु पर्दछ।

४५.१० सवारि साधन मर्मत सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ (२) मा उपनियम १ वमोजम लागत अनुमान स्विकृत भएपछि मालसामनको मर्मत आफ्नै वर्कसप वा मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो माल समानको मर्मत त्यस्तो वर्कसप वा मर्मत केन्द्र वाट गाराउनुपर्ने। त्यसारि मर्मत गराउदा कुनै मालसामन उपकरण वा पार्ट पुर्जा फेरवदल गर्नुपर्ने भएमा त्यस्तो मालसामन पार्टपुर्जा वा उपकरण मौज्दातवाट लिई र मौज्दातमा नभएमा ऐन वा यस नियमावलीको प्रक्रिया आवलम्वन गरि खरिद गर्नु पर्ने व्यवस्था छ । उपनियम ३ वमोजिम उपकरण वा पार्टपुर्जा खरिद गरेकोमा सार्वजनिक निकयले त्यस्तो मालसमान वा उपकरण जिन्सि दाखिला गराई प्रतिएकाई मुल्य ५ हजार भन्दा वढि पर्ने उपकरण वा पार्ट पुर्जाको अभिलेख राख्नु पर्ने व्यावस्था छ । तर यस कार्यलयमा उक्त ५ हजार भन्दा वढि मुल्यका सामाग्रि पार्ट पुर्जा खरिद तथा मर्मतको अभिलेख राखेको देखिएन। मर्मतमा फेरिएका सामान जिन्सी दाखिला गरी अभिलेख राख्नुपर्दछ।

४६ **अग्रीम कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-११** को निर्णयले रू **२,६९८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-९** को निर्णयले रू **१,६२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४७ **भुक्तानी वांकीको विवरण**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १५ मा दायित्व सृजना भइ भुक्तानी दिन बाँकी रकम,चालु आर्थिक बर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत दरबन्दीको तलव, भत्ता,सरुवा भ्रमण खर्च,घरभाडा,पोशाक, खाद्यान्न, औषधि, उपचार, सेवानिबृत्त सुबिधा र स्वीकृत बार्षिक कार्यक्रममा समाबेश भएको सम्झौता बमोजिमको रकम मात्र भुक्तानी दिन बाकीको बिबरण प्रमाणित गरी सुचना प्रणालीमा प्रबिष्टी गराइ भुक्तानी दिन सकिने ब्यबस्था छ। पालिकाले यस बर्ष भुक्तानी दिन रकम अभाव भएको भनि उपरोक्त नियममा ब्यबस्था भएको खर्च शिर्षक बाहेकको पहिलो पटक सुत्केरी भैंसीलाई भत्ता वितरण कार्यक्रम रु १०००००,एक वडा एक मासु पसल रु ७५०००,अतिथि सत्कार तथा विविध खर्च रु ४१५०००, भगेनी सम्बन्ध सम्बन्धी बिबिध खर्च रु १२९००० सम्झौता नभएको मसलन्द तथा कार्यालय सामाग्री रु २६३००० समेत कुल रु ९८२००० आर्थिक बर्ष २०७९।८० मा भुक्तानी दिन बाँकीको बिबरण राखि यस बर्ष भुक्तानी गरेको छ। पालिकाले संघिय तथा प्रदेश सरकारबाट तोकिएको सिलिङ अनुसारको बजेट प्राप्त नभएकोले भुक्तानी दिन बाँकी रहेको जनाएको छ। नियममा ब्यबस्था नभएको चालु प्रकृतिको सालबसाली खर्च भुक्तानी दिन बाँकी राखि अर्को बर्ष भुक्तानी गर्ने कार्य नियमसम्मत नेदेखिएको रु

| अनियमित भएको | ९,८२,००० |
|---|---|

४८ **बिशेष र समपुरक अनुदानको बचत रकम खर्च**

४८.१ समपुरक अनुदान सम्वन्धी तेस्रो संसोधन कार्यविधि, २०७७ को दफा ९ मा समपुरक अनुदान वापतको रकम पालीकाको वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालीकाले ५०।५० प्रतिशत लागतमा संघीय समपुरक अनुदानवाट संचालन हुने निम्नानुसारका योजनामा विनियोजित वजेटवाट वोलपत्र आव्हान गरेकोमा वोलपत्रवाट प्रतिस्पर्धामा घटेको रकम संघीय र प्रदेश संचित कोषमा फिर्ता अंश संघीय र प्रदेश सरकारको अनुमती लिइ थप कार्यक्रममा खर्च गर्नपर्नेमा प्रदेश/संघीयको सहमती नलिइ वचत रकमको पुन थप कार्यको लागी वोलपत्रवाट रु ७१७७६२७ खर्च गरेको देखियो ।

| योजनाको नाम | ल.इ.तथा विनियोजन रकम | वोलपत्रवाट कवोल | प्रदेश/संघीयको अंश ५० प्रतिशत | संघीय फिर्ता रकम | प्रदेश फिर्ता रकम | घटी रकम |
|---|---|---|---|---|---|---|
| फुलवारी चोरकाटे अर्जे वोमनेटा भिमगिठी सडक | १ करोड ५० लाख (प्रदेश सरकार) | ९६३७५०७ | २६८१२४६ | ३७३७९० | ९०८३२३ | ७२७७६२७ |
| रातडाँडा मुसीकोट पौढी अमराई सडक | १ करोड ६० लाख (प्रदेश सरकार) | ९११३७९३ | ३४४३१०३ | | | |
| नेटा दर्लिङ्ग हाङ्गी गंगरे सडक | ५० लाख (प्रदेश सरकार) | २७९४३७६ | ११०२८१२ | | | |
| सिमलटारी मर्भुङ्ग मैपान अर्खावाङ्ग | ५० लाख (प्रदेश सरकार) | ३३३२२८८ | ८३३८५६ | | | |
| लेख पोखरा देउराली मालीका पर्यटकिय पूर्वाधार | ५० लाख (प्रदेश सरकार) | ४००२५५४ | ४९८७२३ | | | |
| जम्मा | | | ८५५९७४० | ३७३७९० | ९०८३२३ | ७२७७६२७ |

४८.२ विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ को दफा ५ मा आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना कार्यक्रम चालु आर्थिक वर्षको फाल्गुण भित्र छनोट गरी सक्नुपर्ने, दफा ६ मा प्रदेश वा स्थानीय तहमा विशेष अनुदान प्रदान गर्दा विनियोजित वार्षिक वजेटको

सिमा भित्र रहि सम्वन्धित प्रदेश वा स्थानीय तहवाट आयोजना कार्यक्रममा भएको कार्य प्रगतिको आधारमा चौमासिक अनुदान उपलव्ध गराउने तथा कार्यान्वियन भइरहेका आयोजना कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना कार्यक्रमको अन्तिम किस्ता उपलव्ध गराउने व्यवस्था छ । यस पालीकाका लागि संघीय विशेष कार्यक्रम अन्तर्गत १ करोड विनियोजन भई एकिकृत मालिका १ घर १ धारा खानेपानी आयोजनाको लागि NCB- २२- २०८०।८१ वाट वोलपत्र गर्दा प्रतिष्पर्धामा घटी कवोल गरी वचत रकमवाट पालीकाले पुनः संघीय सरकारको सहमती वेगर सिलकोटेशन-२७- २०८०।८१ वाट दोस्रो प्याकेजको कार्यक्रम सन्चालन गरी रु.२०२०४५६। खर्च गरेको देखियो । कार्यविधि अनुसार अघिल्लो वर्ष फाल्गुण भित्र छनोट गरी दफा ८ अनुसार पालीकाको वार्षिक कार्यक्रममा समावेस गरी खर्च गर्नुपर्ने योजना कार्यक्रमवाट वचत वचत रकमवाट थप कार्यमा खर्च गरेको नियम सम्मत देखिएन ।

४९ **बढि भुक्तानी** (६२२-२०८१-३-१९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **सोझै खरिद**

विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ को दफा ८ मा विशेष अनुदानवाट प्राप्त रकम उपभोक्ता समितिवाट संचालन हुने आयोजना कार्यक्रममा खर्च गर्न नपाइने र तलव भत्ता मसलन्द लगायतका साधारण खर्च गर्न नपाउने उल्लेख छ । पालीकाले स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा प्राप्त रु.६० लाख वाट निम्नानुसार सोझै खरिद विधिवाट फर्निचर, ल्यापटप, खरिद गरेको देखियो ।

| गो.भौ.नं. र मिति | जिन्सी सामान | सप्लायर्स | रकम |
|---|---|---|---|
| ४५-२०८१।३।१८ | ल्यापटप प्रिन्टर (सामुदायीक स्वास्थ्य इकाइ) | हाई स्पिड कम्प्युटर | १७२८९० |
| ४६-०८१।३।१८ | फर्निचर खरिद (सामुदायिक स्वास्थ्य इकाई) | श्रद्धा मल्टीट्रेड सेन्टर | ११९७८०। |
| ५१-०८१।३।२० | ल्यापटप | हाइस्पिड ट्रेडीङ्ग कम्पनी | १२८०२६ |
| ४७-०८१।२।१९ | फर्निचर ढुवानी | कृष्ण वहादुर कौशल र खगेन्द्र खत्री | १०००० |
| | | जम्मा | ४३८६९६ |

५१ **बिशेष अनुदानबाट कन्टिन्जेन्सी खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१२** को निर्णयले रू **१८७,०५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मालिका गाउँपालिका, गुल्मी , मालिका गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विकास खनाल | २०७९-१०-१८ | २०८०-७-१ |
| कार्यालय प्रमुख | कमल बहादुर क्षेत्री | २०८१-६-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २१२,४८५ | ३,११५,६११ | ५,९८८,२१५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९,३१६,३११ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,२००,७०० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३,११५,६११ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३०९०४९६९.१५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६०९०६४१३.७२ | चालु खर्च | ३२२३८३२२७.३४ |
| प्रदेश सरकारबाट अनुदान | २४५७२३९५ | पूँजीगत खर्च | १६०३००३४६.४९ |
| राजश्व बाँडफाँट | ७७७४९१२४.१३ | वित्तीय/अन्य व्यवस्था | १३५३२२७१०.९२ |
| आन्तरिक आय | ८१६९०९१.० | | |
| अन्य आय | १४२६४३५४५.७ | | |
| कुल आय | ६१४०४०५६९.५५ | कुल खर्च | ६१८००६२८४.७५ |
| बाँकी मौज्दात | | २६९३९२५३.९५ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।